(आ.व. २०८१।०८२, दोस्रो बैठक)

# फलेवास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, पर्वत

२०८१/०६/१० गतेको कार्यपालिका बैठकका निर्णयहरु:

*निर्णयहरु:*

१ यसअघिका कार्यपालिका बैठकमा भएका निर्णयहरु तथा उक्त निर्णयहरु कार्यान्वयनको अवस्थाका बारेमा समिक्षा गरियो ।

२ वर्षायाम पश्चात विभिन्न वडामा क्षतीग्रस्त सडकहरु आकस्मिक मर्मत गरी वडादशैं, तिहार, छठ लगायतका चाडवाड अगाडी नगरका सबै वडाका बस्तीसम्म यातायात सूचारु गर्न नगरका स्काभेटर र ब्याक हु लोडरले मात्रै सम्भव हुने नदेखिएको हुँदा आवश्यकता अनुसार विभिन्न व्यवसायीसंग प्रचलित दररेट माग गरी नियमानुसारको भाडादर कार्यालयबाट भुक्तानी गर्नेगरी मर्मतकार्य अगाडी बढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

३ मध्यमकालिन खर्च संरचनाको लागि प्रस्तुत ToR स्वीकृत गरी नियमानुसारको खरिद प्रकृया अगाडी बढाई तयार पार्न कार्यालयलाई निर्देशन दिने ।

४ शहरी शासकीय तथा पुर्वाधार आयोजना अन्तर्गतका उपयोजनाहरुको लागि उक्त आयोजनाको लागि गठित नगर समन्वय समितिद्वारा स्वीकृत उपयोजनाहरुलाई सदर गर्ने ।

५ यस नगरपालिकामा कार्यरत स्वेच्छिक अवकास लिन चाहने प्राथमिक तहका शिक्षकहरुको लागि प्रस्तावित '**फलेवास नगरपालिका शिक्षक स्वर्णिम अवकास योजना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१**' लाई अध्ययन गरी आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने ।

६ यस बैठकमा प्रस्तुत आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका २०८१ को मस्यौदा प्रस्तुत भई छलफल भयो । उक्त निर्देशिकाको अन्तिम रुप तयार गरी कार्यपालिकाको बैठकमा पेश गर्न विधायन समितिलाई जिम्मेवारी प्रदान गर्ने ।

७ गत आर्थिक वर्षमा विभिन्न वडाहरुबाट सिफारिस भई आएका तथा कार्यपालिकाबाट निर्णय भएका धुलिखेल अस्पतालमा आयोतित स्वास्थ्य शिविरका लागि रु ५० हजार, नवप्रतिभा महिला विकास बचत तथा ऋण सहकारीद्वारा आयोजित तीज मेला २०८० को लागि रु ५० हजार रुपैयाँ समेत तथा विपन्न, बिरामी, विभिन्न प्रकोपबाट पीडितहरुको राहत अनुदान माग, मागमा आधारित तथा संघसंस्था, युवा क्लबको मागका आधारमा नगरप्रमुखबाट तोकादेश भई आर्थिक सहायता प्रदान गर्न भुक्तानी दिन बाँकी रहेकोमा सो को भुक्तानी दिने । साथै अपाङ्गता भएका व्यक्तिहरुका